
# घरेलु हिंसा दण्डनीय अपराध हो ।

## घरेलु हिंसाको परिभाषा

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ अनुसार "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसाभित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्य समेत पर्दछ ।

घरेलु सम्बन्धभित्र पर्ने व्यक्तिहरूमा वंशज, विवाह, धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचमा भएको वा हुन सक्ने सम्बन्धलाई राखिएको छ ।

# घरेलु सम्वन्ध




घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले कसैले पनि घरेलु हिंसा गर्न गराउन वा उद्योग गर्न वा त्यस्तो कार्य गर्न रोक लगाइएको छ । कसैले त्यस्तो कार्य गरेमा कसूर मानिने व्यवस्था गरेको छ ।

# घरेलु हिंसाका प्रकारहरु

**शारीरिक यातना** : अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने वा त्यस्तै अन्य कुनै काम गर्ने गराउने कार्य पर्दछ । जस्तैः कसैले आफ्नो छोराछोरीलाई शारीरिक चोट पुर्‍याउने कुटपिट गरेमा वा लछार पछार गरेमा त्यो शारीरिक घरेलु हिंसा हो ।



# घरेलु हिंसाका प्रकारहरु



**मानसिक यातना :** शारीरिक यातनाको डरधाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, मानसिक चोट पुग्न सक्ने कार्य गर्ने गराउने साथै वैचारिक, धार्मिक वा साँस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभावजन्य कार्य पर्दछ । जस्तैः कसैले आफ्नो पत्नीलाई गाली गरेमा वा झुठा आरोप लगाएमा वा आफन्तलाई गाली गरे जस्तो गरेर अगाडी रहेको मानिसलाई आघात पुऱ्याउने जस्ता कार्य त्यो मानसिक घरेलु हिंसा हो ।

# घरेलु हिंसाका प्रकारहरु

**यौनजन्य यातना :** यौनजन्य प्रकृतिको दुर्व्यवहार अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने, सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने जस्ता कुनै पनि कार्य पदर्छ । जस्तैः कसैले आफ्नो परिवारका सदस्यलाई यौनजन्य मनसायले शरीरको संवेदनशील अंगहरूमा छोएमा त्यो यौनजन्य घरेलु हिंसा हो ।



# घरेलु हिंसाका प्रकारहरु

**आर्थिक यातना** : सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत साधनको पहुँच वा प्रयोगमा वन्चित गर्ने जस्ता कार्य पर्दछन् । जस्तैः कसैले आफ्नो पत्नीलाई रोजगारी गर्नबाट रोक लगाएमा त्यो आर्थिक घरेलु हिंसा हो ।



# उजुरी सम्वन्धी व्यवस्था

घरेलु हिंसासम्बन्धी उजुरी प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय अथवा सिधै अदालतमा पनि दिन सक्दछ । पीडामा पर्ने पक्षले घरेलु हिंसाको उजुरी गर्ने स्थानको निर्णय भने आफैं गर्न सक्नेछ ।

**घरेलु हिंसासम्बन्धी उजुरी दिने निकायहरु**

- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग
- स्थानीय निकाय
- अदालत

## उजुरी सम्वन्धी ब्यवस्था

- **उजुरी गर्न सक्ने व्यक्ति** : घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उजुरी गर्न सक्दछ ।

- **उजुरीको हदम्याद** : घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्दछ ।

## राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरी सम्वन्धी कारवाही

राष्ट्रिय महिला आयोगमा परेको घरेलु हिंसासम्बन्धी उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोगसम्बन्धी कानुनहरू विशेष गरी राष्ट्रिय महिला आयोग ऐन, २०६३ र राष्ट्रिय महिला आयोग नियमावली, २०६५ अनुसार कारवाही हुन्छ ।

- **उजुरी गर्ने** : राष्ट्रिय महिला आयोगमा पीडित आफै वा उसको तर्फबाट कसैले आयोगसमक्ष तोकिएको ढाँचामा निवेदन दिन सक्दछ । यस बाहेक पनि पीडितले हुलाक, आकाशवाणी, टेलिफ्याक्स, विद्युतीय मेल वा टेलिफोनबाट मौखिक जानकारी दिई उजुरी गर्न सक्दछ ।



## राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजुरी सम्वन्धी कारवाही

- **जाँचबुझ गर्ने** : दर्ता भएको उजुरीको सम्बन्धमा राष्ट्रिय महिला आयोगले कुनै पनि हिंसा वा सामाजिक कुरितीबाट कुनै महिला पीडित भएको अवस्थामा आवश्यक जाँचबुझ गर्न सक्दछ ।
- **मेलमिलाप गर्न सक्ने** : त्यस्तो जाँचबुझबाट कसैले त्यस्तो कार्य गरेको देखिएमा आयोगले आवश्यकता अनुसार मेलमिलाप गराउने वा पीडित महिलालाई उपयुक्त उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन वा पुर्नस्थापना गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्दछ ।



- **सिफारिस वा अनुगमन गर्ने** : आयोगले आवश्यक अन्य उपयुक्त कारवाही गर्न सम्बन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिस गर्ने र सो अनुरूप भए वा नभएको अनुगमन गर्न सक्दछ ।

## प्रहरी कार्यालय वा स्थानीय निकायमा दर्ता भएको उजुरी सम्वन्धी कारवाही

- **प्रहरी कार्यालयमा भएको उजुरीसम्बन्धी कारवाही** : प्रहरी कार्यालयमा दर्ता भएको उजुरीको सम्बन्धमा बाटोको म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाउने र अटेर गरेमा पक्राउ गरी बयान गराउनु पर्दछ ।




- **स्थानीय निकायमा भएको उजुरीसम्बन्धी कारवाही** : स्थानीय निकायमा उजुरी दर्ता भएकोमा बाटाका म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाई बयान गराउने र पीडक अटेर गरी उपस्थित हुन नआएमा प्रहरीको सहयोगमा पक्राउ गरी बयान गराउनु पर्दछ ।
- **मुद्दा टुङ्ग्याउने समय** : पीडकलाई उपस्थित हुन दिएको म्याद समाप्त भएको, झिकाएको वा पक्राउ गरी ल्याएको मितिले ३० दिनभित्र मुद्दाको टुङ्गो लगाइ सक्नु पर्दछ ।

## मेलमिलाप सम्वन्धी व्यवस्था

घरेलु हिंसाको मुद्दामा निम्नानुसार मेलमिलाप गराउन सक्ने व्यवस्था छ :

- पीडकको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराउनु पर्दछ ।
- मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सक्नेछ ।
- मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र पीडितको गोपनियताको अधिकार समेतलाई ध्यान पुऱ्याएको हुनुपर्दछ ।

## मेलमिलाप सम्वन्धी व्यवस्था



**राष्ट्रिय महिला आयोग विचाराधीन रहेको घरेलु हिंसासम्बन्धी उजुरीको सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गरी पाउन संयुक्त निवेदन आयोग समक्ष दिएमा वा पक्षहरूबीच मेलमिलाप गराउँदा राहत तथा अन्य दृष्टिबाट पीडितलाई फाइदा हुने लागेमा आयोग आफैले समेत सम्बद्ध पक्षहरूबीच मेलमिलाप गराउन सक्दछ ।**

## अदालतमा भएको उजुरी सम्बन्धी कारवाही



पीडक उपस्थित नभएमा वा उपस्थिति गराउन नसकेको वा पक्षहरूबीच मेलमिलाप हुन नसकेको अवस्थामा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमती भएमा म्याद समाप्त भएको मितिले १५ दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजुरी र सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष प्रस्तुत गर्नु पर्दछ र सोही उजुरीका आधारमा अदालतले आवश्यक कारवाही किनारा गर्दछ ।

घरेलु हिंसाको पीडितले चाहेमा सोझै अदालतमा उजुरी दिन सक्नेछ ।

## अदालतमा भएको उजुरी सम्बन्धी कारवाही

घरेलु हिंसासम्बन्धी कारवाही चलाउँदा संक्षिप्त कार्यविधि, २०२८ अन्तर्गत चल्दछ । जसअन्तर्गत ९० दिनभित्रमा यस्तो मुद्दाको कारवाही किनारा गरिसक्नु पर्दछ ।

पीडितले अनुरोध गरेमा घरेलु हिंसासम्बन्धी उजुरीको कारवाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्दछ । बन्द इजलासमा कारवाही र सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, उनीहरूका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिहरू मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।



## अन्तरिम संरक्षणको आदेशको व्यवस्था

उजुरीको प्रारम्भिक छानवीन गर्दा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि अन्तरिम संरक्षणको आदेश दिन सक्दछ । उक्त आदेशमा–



- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,
- पीडक र पीडित एकै ठाउँमा बसोबास गर्न अनुपयुक्त हुने देखिएमा पीडकलाई अलग बस्ने व्यवस्था गर्न तथा त्यसरी बस्दा पीडितको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न,

## अन्तरिम संरक्षणको आदेशको व्यवस्था

- गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न,
- पीडित छुट्टै बसेको ठाउँमा बाटोघाटोमा वा कार्यालयमा गई कुनै किसिमको सञ्चार माध्यमद्वारा वा कुनै प्रकारले दुख दिने वा सताउने कार्य नगर्न,
- निज पीडितको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त व्यवस्था गर्न अदालतले अन्तरिम संरक्षणको आदेश दिन सक्दछ ।
- नाबालक सन्तान वा उनीसँग आश्रित व्यक्तिलाई संरक्षण दिन आवश्यक देखिएमा अन्तरिम संरक्षणको आदेश दिन सक्दछ ।

## घरेलु हिंसामा हुने सजाय

- **घरेलु हिंसा गरेमा :** कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई रू. ३००० देखि रू. २५००० सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ ।
- **घरेलु हिंसाको उद्योग गरेमा :** घरेलु हिंसाको उद्योग, दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।
- **पटके पीडकको हकमा:** एकपटक घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ ।



## घरेलु हिंसामा हुने सजाय

- **सार्वजनिक पदमा कार्यरत व्यक्तिले हिंसा गरेमा :** सार्वजनिक जवाफदेहीको पदमा वहाल रहेको कुनै व्यक्तिले कसूर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ ।
- **अदालतको अन्तरिम संरक्षणको आदेश पालना नगरेमा :** अदालतले प्रदान गरेको अन्तरिम संरक्षणात्मक आदेश पालन नगर्ने व्यक्तिलाई रू. २००० देखि रू १५,००० सम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।

**घरेलु हिंसा (कसूर र सजाय) ऐनबमोजिम कसूर मानिने कुनै काम कारवाहीमा अन्य कानुनबाट सजाय हुन सक्ने अवस्था भएमा सो कानुन बमोजिम मुद्दा चलाउने र कारवाही चलाउन यस ऐनले बाधा गरेको मानिंदैन ।**

# पीडितलाई आवश्यक सहयोग प्रणाली

- **औषधि उपचारको व्यवस्था :** घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रूपमा अशक्त भई अस्पतालमा लगी उपचार गर्नु पर्ने भएमा त्यस्तो उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नुपर्दछ । तर पीडकको आर्थिक अवस्था कमजोर भई त्यस्तो उपचारमा लागेको खर्च पीडकबाट उपलब्ध हुन नसक्ने कुरा अदालतलाई लागेमा सेवा केन्द्रबाट त्यस्तो पीडितको उपचार रकम पाउने गरी अदालतले आदेश गर्न सक्दछ ।



# पीडितलाई आवश्यक सहयोग प्रणाली

- **क्षतिपूर्तिः** पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडकलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत अनुसार अदालतले पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइ दिन सक्दछ ।

- **सेवा केन्द्रको व्यवस्था :** पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलगै बस्ने व्यवस्थाका लागि सरकारले तथा स्वीकृति लिई अन्य कुनै संस्थाले आवश्यकताअनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछन् । यस्तो सेवाकेन्द्रले आवश्यकताअनुसार कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउनु पर्दछ ।

- **सेवा कोषको व्यवस्था :** नेपाल सरकारले पीडितलाई कानुनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता प्रदान गर्न एक सेवा कोषको व्यवस्था गर्न सक्दछ ।